म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्षः१५ अङ्कः- ५९ २०८० माघ ३ गते बुधबार 17 January 2024, Wednesday - पृष्ठ ४ मूल्य रू. ५/-

## १० जनाले गरे रक्तदान

हेटौंडाः हेटौंडा-१ स्थित रक्तसञ्चार केन्द्रमा रक्तदान कार्यक्रम हुँदा १० जना रक्तदाताले रक्तदान गरेका छन्। मंगलबार भएको रक्तदान कार्यक्रममा ९ जना पुरुष र एक जना महिलाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो। रक्तदान कार्यक्रम पतञ्जली योग जिल्ला समिति मकवानपुरले आयोजना गरेको हो। ९ औं राष्ट्रिय योग दिवसको अवसरमा रक्तदान कार्यक्रम आयोजना गरिएको हो। कार्यक्रममा हेटौंडा उपमहानगरपालिका-१० का वडा अध्यक्ष फुर्वा दोर्जे लामाको प्रमुख आतिथ्य रहेको थियो। रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो। यस्तै, शुक्रबार सिद्धार्थ माध्यमिक विद्यालयको आयोजनामा विद्यालयमै रक्तदान कार्यक्रम रहेको छ भने शनिबार नेपाल रेडक्रस सोसाइटी उपशाखा पिप्लेमा रक्तदना हुने भएको छ।

## आँखा अस्पतालबाट एक लाख ३३ हजारलाई सेवा

आरजु सत्याल

हेटौंडाः हेटौंडा-१० स्थित हेटौंडा सामुदायिक आँखा अस्पतालले एक वर्षमा एक लाख ३३ हजार सेवाग्राहीलाई सेवा प्रदान गरेको छ। आँखा अस्पतालले आयोजना गरेको तथा सहयोग गरेको विभिन्न कार्यक्रम, निःशुल्क शिविर, अस्पतालको सेवाबाट सन् २०२३ मा एक लाख ३३ हजार ५ सय ६१ जनाले सेवा प्राप्त गरेको हेटौंडा सामुदायिक आँखा अस्पतालका व्यवस्थापक सुधीर श्रेष्ठले जानकारी दिनुभयो।

२०७९ पुस १७ गतेदेखि २०८० पुस १६ गतेसम्म आँखा अस्पतालले अस्पतालबाट ९३ हजार ९ सय ४८ जनाको आँखा जाँच गरेको छ। अस्पतालले ६ हजार ६ सय २ जनालाई निःशुल्क सेवासमेत दिएको छ।

यस्तै, अस्पतालले एक वर्षमा २ हजार ४ सय ४६ जनाको शल्यक्रिया गरेको छ भने २ हजार ४ सय जनाको निःशुल्क शल्यक्रिया गरेको श्रेष्ठले बताउनुभयो। श्रेष्ठका अनुसार गतवर्ष अस्पतालको सहयोगमा संघसंस्थाहरुले ९ हजार ६ सय ५९ जनाको आँखा जाँच गरेको थियो। अस्पतालले विभिन्न कार्यक्रम आयोजना तथा सहयोग गरी २७ हजार ९ सय ५४ जनाको निःशुल्क आँखा जाँच गरेको छ। हेटौंडा सामुदायिक आँखा अस्पतालले सन् २०२३ मा मेजर शल्यक्रिया ५ हजार २५ वटा र माइनर शल्यक्रिया एक हजार ५ सय ७७ वटा गरेको व्यवस्थापक श्रेष्ठले बताउनुभयो।

आँखा अस्पतालले मकवानपुर जिल्लाबाहेक बारा, पर्सा, रोतहट, सर्लाही, सिन्धुललगायत जिल्लाका दुर्गम गाउँबस्तीहरुमा निःशुल्क शिविर आयोजना गरेको थियो। यस्तै, सामुदायिक आँखा अस्पतालले माघ र फागुन महिनामा विभिन्न स्थानमा महिनाको दुईपटक शिविर आयोजना गर्ने भएको छ।

श्रेष्ठका अनुसार सन् २०२३ मा जाँच गरिएका बिरामीहरुमा मोतिविन्दु, एलर्जी, चस्मादोष लगायतका समस्या धेरै देखिएको थियो। हेटौंडा सामुदायिक आँखा अस्पतालमा ५० प्रतिशत भन्दा बढी बिरामी बीमाबाट जाँच गर्न आउने गरेको श्रेष्ठले जानकारी दिनुभयो। आँखा अस्पतालका प्रमुख डा. सुनिल थकालीका अनुसार अहिलेको समयमा धेरै बिरामी पहिलो चस्मादोष, दोस्रो सुख्खापन र तेस्रो मोतिविन्दुका आउने गरेका छन्।

अस्पतालमा बिरामीको चाप गर्मीमा भन्दा जाडोमा कम रहेको छ। आँखा अस्पतालमा गर्मी महिनामा दैनिक ३ सयदेखि ३ सय ५० को हारहारीमा बिरामी आउने गरेकोमा जाडो महिनामा दैनिक २ सयको हाराहारीमा बिरामी आइरहेको डा. थकालीले जानकारी दिनुभयो। अस्पतालमा आउने बिरामीमा बालबालिकामा चस्मा लगाउनुपर्ने, युवामा दृष्टिदोष र बुढ्यौलीमा मोतिविन्दु, चस्मा तथा उमेर-सम्बन्धित म्याकुलर डिजेनेरेशन (पर्दा) को समस्या देखिने गरेको छ। डा. थकालीका अनुसार पर्दाजस्ता समस्या ५० कटेपछि धेरै देखिने गर्दछ।

सामुदायिक आँखा अस्पतालले पर्दाको जटिल स्थित भएका बिरामीलाई थप उपचारका लागि काठमाडौं पठाउने गरेको छ। अस्पतालले जोखिममा राखेर कसैको पनि शल्यक्रिया गर्ने नगरेको डा. थकालीले बताउनुभयो।

उहाँका अनुसार भाइरल ज्वरोका कारण आँखा पाक्ने समस्या देखिन सक्छ। अस्पतालमा आउने बिरामीले शल्यक्रिया जाडोमा गर्दा नपाक्ने भ्रम लिएर आउने गरेका छन्। जाडोमा शल्यक्रिया गर्दा आँखा नपाक्ने कुरा एक भ्रम रहेको र शल्यक्रिया गरेपछि स्वच्छता कायम गरे आँखा नपाक्ने डा. थकालीले प्रष्ट पार्नुभयो।

हेटौंडा सामुदायिक आँखा अस्पतालमा हप्तामा ४ दिन शल्यक्रिया हुने गरेको छ। अस्पतालमा शुक्रबार र आइतबारबाहेक अन्य ४ दिन शल्यक्रिया हुने गरेको उहाँले जानकारी दिनुभयो। सामुदायिक आँखा अस्पतालबाट ३ जना विशेषज्ञ डाक्टरले सेवा प्रदान गरिरहनु भएको छ।

## राहदानी बनाउन आउनेको संख्या कम



*जिल्ला प्रशासन कार्यालय मकवानपुरमा आएका सेवाग्राही ।*

रोहित थापा

हेटौंडाः जिल्ला प्रशासन कार्यालय मकवानपुरमा राहदानी बनाउन आउने मानिसको संख्या कम देखिएको छ। विगतका दिनहरुको तुलनामा मंगलबार कार्यालयमा राहदानी बनाउन आउनेको संख्या कम पाइएको हो।

मंगलबार विहान ११ बजे जिल्ला प्रशासन कार्यालयमा राहदानी बनाउन आउने सेवाग्राही १५ जनामात्र थिए। अघिल्ला दिनहरुमा राहदानी बनाउन आउने सेवाग्राहीको संख्या ५० देखि ८० जनाको हाराहारीमा हुने गरेकोमा मंगलबार ८ जना महिला र ७ जना पुरुषमात्र राहदानी बनाउन आएका हुन्।

अघिल्लो दिन माघे संक्रान्ति पर्व परेको कारण पनि मंगलबार राहदानी बनाउन आउने सेवाग्राहीको संख्या कम भएको हुनसक्ने जिल्ला प्रशासनका कर्मचारीको भनाइ छ। चाडपर्वको समयमा मानिस घरमै बस्ने भएकाले राहदानी लिन आउनेको संख्या घटेको हुनसक्ने उहाँको अनुमान छ। अघिल्ला दिनहरुमा जिल्ला प्रशासनमा राहदानी लिने आउनेहरुको घुइँचो लाग्ने गरेकोमा मंगलबार आधाभन्दा बढी संख्या घटेको पाइएको छ।

विदेश गएपछि नेपालमा भन्दा बढी पैसा कमाउन सकिन्छ भन्ने आशाले राहदानी बनाउन आएको सेवाग्राहीले बताएका छन्। राहदानी लिन आउनेहरुको संख्या कम भएता पनि नागरिकता लिन आउनेहरुको संख्या भने उल्लेख्य पाइएको छ। मंगलबार जिल्लाका विभिन्न ठाउँबाट नागरिकता बनाउन आउनेहरुको संख्या ७० जनाको हाराहारीमा देखिएको थियो। नागरिकता फाँटमा आएका सेवाग्राही नयाँ नागरिकता बनाउन र नागरिकताको प्रतिलिपि लिन आउनेहरु रहेका थिए।

यस्तै, जिल्ला प्रशासन कार्यालयमा राष्ट्रिय परिचयपत्र बनाउन आउनेहरुको संख्या भने मंगलबार अन्य दिनमा जस्तै रहेको जिल्ला प्रशासनका कर्मचारीको भनाइ छ। राष्ट्रिय परिचयपत्र बनाउन आउने सेवाग्राहीको संख्या करिब ५० जना थियो।

नागरिकता बनाउनका लागि वडा कार्यालयको सिफारिसहितको निवेदन हुनुपर्ने जिल्ला प्रशासन कार्यालय मकवानपुरले जनाएको छ। नागरिकताका लागि हालसालै खिचिएको तस्वीर हुनुपर्ने जनाइएको छ। राष्ट्रिय परिचयपत्र बनाउन आफ्नो फारममा भएको व्यक्तिगत विवरणलाई राम्रोसँग समावेश गर्नुपर्ने जनाइएको छ। राष्ट्रिय परिचयपत्रको लागि सम्बन्धित व्यक्तिको आवश्यक कागजात हुनुपर्छ।

## एकैदिन ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः विभिन्न घटनामा एकैदिन ३ जनाको मृत्यु भएको छ। चितवन, काभ्रेपलाञ्चोक र दोलखा जिल्लामा एकैदिन ३ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

चितवन जिल्लाको भरतपुर महानगरपालिका-१५, देवीचोकमा ग्याँस लिक भएर आगो लाग्दा एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा ५० वर्षीय मनिष थापा रहेको प्रहरीले जानकारी दिएको छ। मंगलबार बिहान १० बजेको समयमा अविनाश फर्टिलाइजरको (मल उत्पादन गर्ने स्थान) क्वाटरभित्र ग्याँस लिक भई शरीरमा एक्कासी आगो लाग्दा थापाको घटनास्थलमा नै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

काभ्रेपलाञ्चोक जिल्लाको बेथानचोक गाउँपालिका-२, हातेडाँडामा रुखबाट लडेर एकजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा ५० वर्षीय लोकप्रसाद तिमिल्सिना रहेको प्रहरीले जानकारी दिएको छ। सोमबार दिउँसो ३ बजेको समयमा तिमिल्सिना घरदेखि ३ सय मिटर उत्तरमा रहेको आफ्नै पाखो बारीको खस्रुको रुखमा चढी स्याउला काट्ने क्रममा रुखबाट लडी घटनास्थलमा नै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

यस्तै, दोलखा जिल्लाको बिगु गाउँपालिका-१, देउरालीमा सुख्खा पहिरोले पुरिँदा एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा २२ वर्षीय कुसाङ तामाङ रहेको प्रहरीले जानकारी दिएको छ। सोमबार नासा हाइड्रोपावरले लामाबगरबाट चाइना जोड्ने नयाँ ट्र्याक सडक खन्ने क्रममा माथिबाट सुख्खा पहिरो खस्दा हाइड्रोपावर को कामदारहरु घाइते भएका थिए। घाइते हुनेमा २८ वर्षीय दिलकुमार तामाङ र ५८ वर्षीय रसमान तामाङ गम्भीर घाइते भएका थिए। घाइते दुबैलाई उपचारका लागि अस्पताल लगिएको छ। कुसाङ तामाङको उद्दारको क्रममा मृत्यु भएको थियो।

## जिल्लास्तरीय भलिबलको उपाधि विनयबाबु स्मृति प्रतिष्ठानलाई

समाज संवाददाता

हेटौंडाः थाहा नगरपालिकाको चित्लाङमा सञ्चालित २७ औं संस्करणको जिल्लास्तरीय भलिबल प्रतियोगिताको उपाधि विनयबाबु स्मृति प्रतिष्ठानले हात पारेको छ। सोमबार भएको फाइनल खेलमा थाहा-२ को विनयबाबु स्मृति प्रतिष्ठानले हेटौंडाको छहारी युवा समाजलाई २५-१९, २५-२२ र २७-२५ को सोझो सेटमा पराजित गर्दै उपाधि जितेको हो।

प्रतियोगितामा विजयी विनयबाबु स्मृति प्रतिष्ठानले नगद ६० हजार १ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ। त्यस्तै उपविजेता छहारी युवा समाज हेटौंडाले नगद ३० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ। प्रतियोगितामा तेस्रो हुने खेलकुद विकास समिति चित्लाङले नगद २० हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ।

प्रतियोगितामा मकवानपुर जिल्लाका १५ वटा टिमले सहभागिता जनाएका थिए। प्रतियोगिताको विधागत पुरस्कार तर्फ उत्कृष्ट स्पाइकर छहारीका निश्चल रानामगर, उत्कृष्ट सेटर पनि छहारीकै निश्चल काउचा घोषित भए। उत्कृष्ट लिबेरो विनयबाबुका उज्वल लामा, उत्कृष्ट ब्लकर विनयबाबुका उपास विष्ट र उत्कृष्ट खेलाडी निराजन गुरुङ र उत्कृष्ट प्रशिक्षक विनयबाबुकै शंकर कार्की घोषित भएका थिए।

प्रतियोगिताको उपाधि विजेता तथा उपविजेता टिमलाई प्रतिनिधि सभा सदस्य महेश कुमार बर्तौलाले पुरस्कार वितरण गर्नुभएको थियो। स्वच्छन्द भैरव युवा क्लब चित्लाङको आयोजनामा पुस २५ गतेबाट सुरु भएको प्रतियोगिताको पुरस्कार वितरण समारोह क्लबका अध्यक्ष पूण्यमान बलामीको अध्यक्षतामा भएको थियो।

## आवश्यकता

यस महाविद्यालयको चमेनागृहको लागि तपसिल बमोजिमको कर्मचारीहरुको आवश्यकता भएकोले इच्छुक उम्मेदवारबाट आवेदनको निम्ति आव्हान गरिन्छ।

१. कुक-इण्डिएन (१)
२. कुक- कन्टिनेनटल (१)
३. भान्सा सहयोगी (२)



माथिका सबै पदहरुका लागि आफ्नो व्यक्तिगत विवरणहरु सहित आवेदन दिन खोजेको पद खुलाई vacacny@hsm.edu.np मा इमेल गर्न वा यस महाविद्यालयमा आफैं उपस्थित भई आवेदन गर्न सकिनेछ।

Hetauda School of Management and Social Sciences
"कडा अनुशासन, स्तरीय शिक्षा"

Hetauda-4 057524701, 9855074222 www.hsm.edu.np

# सम्पादकीय

## औद्योगिक विकासमा सहकार्य

कुनै पनि देशको आर्थिक विकासको लागि उद्योग तथा व्यापारको भूमिका महत्वपूर्ण हुन्छ । देशमा उद्योगधन्दा सञ्चालन गर्ने र आवश्यक वस्तु तथा सेवाको व्यापार गर्ने काम सरकार र निजी क्षेत्रका व्यवसयीले गर्दछन् । पुँजीवादी वा खुला अर्थतन्त्र भएको देशमा सबैजसो आर्थिक क्रियाकलाप निजी क्षेत्रले चलाइरहेको हुन्छ । समाजवादी अर्थतन्त्रमा देशको आर्थिक क्रियाकलापको सम्पूर्ण जिम्मा सरकारले लिएको हुन्छ । तर, मिश्रित अर्थतन्त्र भएको देशमा उद्योग तथा व्यापार जस्ता आर्थिक क्षेत्र सञ्चालनमा सरकार र निजी दुबै क्षेत्रले मिलेर काम गरेका हुन्छन् । नेपाल पनि मिश्रित अर्थतन्त्र भएको देश हो । यहाँ सरकारले पनि उद्योग तथा व्यापारमा लगानी गरेको छ भने निजी क्षेत्रको पनि लगानी रहेको छ । पछिल्लो समय सरकारले उद्योग, कलकारखाना तथा व्यापार, व्यवसायमा लगानी कम गर्दै गएको छ र निजी क्षेत्रको लगानी बढ्दै गएको छ । यसकारण नेपालमा सरकार र निजी क्षेत्रको सहकार्यबाट नै देशको आर्थिक विकास गर्न सहज हुनेछ ।

शनिबार हेटौंडामा उद्योग संघ मकवानपुरको साधारणसभामा बोल्दै संघीय उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले पनि देशको आर्थिक विकासका लागि सरकार र निजी क्षेत्रको सहकार्य आवश्यक रहेको बताएका छन् । आर्थिक क्षेत्रको विकासमा निजी क्षेत्रको भूमिका महत्वपूर्ण हुने उनको भनाइ छ । औद्योगिक विकासबाट नै देशमा रोजगारी सिर्जना हुने र अर्थतन्त्रमा सुधार आउने भन्दै मन्त्री श्रेष्ठले सरकार आफैंले उद्योग सञ्चालन गर्नेभन्दा पनि निजी क्षेत्रलाई उद्योग सञ्चालनका लागि अनुकूल वातावरण बनाउनेतर्फ ध्यान केन्द्रित गरेको बताएका हुन् । यसका लागि सरकारले आवश्यक नीति नियम तर्जुमा गर्ने, लगानीको वातावरण तयार पार्ने, औद्योगिक सुरक्षाको प्रत्याभूति दिने र सहुलियत दिनेजस्ता काम गरिरहेको उनको दावी छ । आद्यौगिक क्षेत्रको पूर्वाधार विकासका लागि सरकारले आवश्यक बजेट छुट्याएको र औद्योगिक क्षेत्रमा विद्युत् क्षमता बढाउन पहल भइरहेको उनले बताएका छन् । तर, मन्त्री रिजालले भनेजस्तो सहजता औद्योगिक क्षेत्रमा छैन ।

हेटौंडामा देशकै ठूलो औद्योगिक क्षेत्र छ । उक्त औद्योगिक क्षेत्रमा एक सयभन्दा बढी उद्योग सञ्चालनमा छन् । औद्योगिक क्षेत्रबाहिर पनि धेरै ठूला उद्योगहरु यहाँ छन् । तर, त्यही औद्योगिक क्षेत्रमा रहेको बन्द अवस्थाको सरकारी स्वामित्वको हेटौंडा कपडा उद्योग, नेपाल वनस्पति घ्यू उद्योग, छाला उद्योगजस्ता उद्योग सञ्चालनमा सरकार उदासिन बनिरहेको छ । दुई दशकभन्दा बढी समयदेखि बन्द रहेको हेटौंडा कपडा उद्योगको पूर्वाधारलाई सरकारले सदुपयोग गर्न नसक्नुले सरकारको भनाइ र गराइमा तालमेल नभएको प्रष्ट हुन्छ । त्यतिमात्र होइन, हेटौंडा औद्योगिक क्षेत्रमा नयाँ उद्योगका लागि जमिन नभएपछि सरकारले हेटौंडा-१३, मयूरधापमा नयाँ औद्योगिक क्षेत्र स्थापनाको काम गरिरहेको छ । २०७२ चैत १ गतेको मन्त्रिपरिषद् बैठकले निर्णय गरी २०७३ साउन ६ गते मयूरधाप औद्योगिक क्षेत्रको नाममा जग्गा नामसारी भए पनि हालसम्म औद्योगिक क्षेत्र अलपत्र परिरहेको छ । वन तथा वातावरण मन्त्रालयले लामो समयसम्म प्रारम्भीक वातावरणीय परीक्षण प्रतिवेदन (आईईई) स्वीकृत नगर्दा औद्योगिक क्षेत्रमा उद्योग स्थापनाका लागि आवश्यक पूर्वाधार तयार हुन सकेन । उक्त समस्या समाधान भएको वर्षौं भइसक्दा पनि औद्योगिक क्षेत्र निर्माण पूरा नहुनुले सरकारले औद्योगिक विकासमा ध्यान नदिएको प्रष्ट हुन्छ ।

सरकारले कार्यालय स्थापना गर्ने र बजेट विनियोजन गर्ने काम गरेको भए पनि औद्योगिक क्षेत्रको पूर्वाधार तयार गर्ने काममा गम्भीर बन्न सकेको पाइँदैन । उद्योग, कलकारखानाको विकासको लागि सरकारले हदैसम्मको लचिलो नीति ल्याउनुपर्छ । तर, सरकारसँग औद्योगिक विकासको लागि स्थिर र दीर्घकालीन नीति छैन । सरकार परिवर्तन भएपछि नीतिमा पनि परिवर्तन भइरहन्छन्, जसले व्यवसायी विश्वस्त बनेर लगानी गर्न डराउने गर्दछन् । सरकार र निजी क्षेत्र मिलेर नै देशको आर्थिक विकास गर्न सकिन्छ भन्ने कुरा बुझेको सरकारले निजी क्षेत्रलाई कसरी उद्योग, व्यवसायमा आकर्षित गर्ने भन्ने कुरा बुझ्न नसक्नु विडम्बना हो । सरकारले लगानीमैत्री वातावरण तयार गरिदिने हो भने स्वदेशी तथा विदेशी लगानी आकर्षण गर्न सकिने तथ्यलाई सरकारले नारा र भाषणमा मात्र सिमित बनाउने गरेको छ । लगानीमैत्री वातावरण तयार गर्न आवश्यक कानुन तथा नीति निर्माण गर्ने र निजी क्षेत्रसँग सहकार्य गर्न सरकारले पर्याप्त ध्यान नदिँदासम्म आर्थिक विकास हुन सक्दैन भन्ने तथ्यलाई सरकारले कहिले बुझ्ला ?

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : लाभदायक यात्रा योग र भेटघाटमा रमाइएला ।
**वृष** : हाँकेताकेका काममा समय व्यतित होला ।
**मिथुन** : गोपनीयताका काममा विशेष ध्यान दिनुपर्ला ।
**कर्कट** : साँझेदारी कामबाट लाभ प्राप्त हुने समय छ ।
**सिंह** : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ ।
**कन्या** : अरुको लागि समय व्यतित हुने योग छ ।
**तुला** : व्यापार–व्यवसायका कामबाट वृद्धि होला ।
**वृश्चिक** : सामाजिक र धार्मिक कामबाट प्रशंसा मिल्ला ।
**धनु** : कामधामले प्रगतिको बाटो समात्ने योग छ ।
**मकर** : शक्ति र सामर्थ्यले काममा पूर्णता प्राप्त ।
**कुम्भ** : धार्मिक तथा ऐतिहासिक क्षेत्रको भ्रमण होला ।
**मीन** : शरीरमा उत्साह र उमङ्ग देखिने समय योग छ ।

# कृषि उपजसँग जोडिएको हाम्रो संस्कृति



✍डा. माधव अधिकारी



हाम्रो देशमा कुल गार्हस्थ्य उत्पादनमा २७ प्रतिशत योगदान रहेको साथै ६०.४ प्रतिशत जनसंख्या आबद्ध भएको कृषिक्षेत्र आर्थिक समृद्धि हासिल गर्ने राष्ट्रकै मूल आधारशिला हो । उच्च समावेशी आर्थिक वृद्धिमा योगदान पुर्याउने क्षेत्र भएकाले कृषिलाई वैज्ञानिक ढंगले सुधार तथा रूपान्तरण गर्दै विगतका प्रयासलाई सघन बनाई उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नु अति आवश्यक छ । नेपालको संविधानले खाद्यसम्बन्धी अधिकारलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको सन्दर्भमा विभिन्न कारणले उत्पन्न हुन सक्ने खाद्य तथा पोषण संकटको अवस्थालाई मध्यनजर गर्दै प्रमुख खाद्यान्न, फलफूल, तरकारी र माछामासु उत्पादनमा आत्मनिर्भरताका लागि कृषिमा नीतिगत, संरचनागत र संस्थागत सुधारको अति आवश्यकता छ। देशलाई खाद्य सम्प्रभु तुल्याएर स्वाधीन अर्थतन्त्रको विकास गर्न कृषि क्षेत्रमा उल्लेख्य मात्रामा लगानी बढाउन पनि त्यत्तिकै आवश्यक छ ।

नेपालको संविधानका अधिकार सूची, कृषिक्षेत्रको समग्र विकासका लागि मार्गचित्रणका रूपमा रहेको कृषि विकास रणनीति र दिगो विकास लक्ष्यलाई मार्गदर्शनका रूपमा लिएको पाइन्छ । रणनीतिले कृषि तथा पशुपन्छीजन्य उत्पादनको व्यवसायीकरण, यान्त्रीकरण र विविधीकरण गरी यस क्षेत्रलाई प्रतिस्पर्धी बनाउन जोड दिएको छ । दिगो विकास लक्ष्यले लिएको भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा पोषण सुनिश्चित गर्ने, दिगो कृषिको प्रवर्द्धन गर्ने लक्ष्य हासिल गर्ने गरी यो क्षेत्रमा स्रोत र साधनको वैज्ञानिक परिचालन गर्नुपर्छ । त्यस्तै कृषिक्षेत्रको औद्योगीकरणको माध्यमबाट थप रोजगारी सिर्जना गरी आय आर्जन, गरिबी निवारण तथा आयात व्यवस्थापनलाई समेत सम्बोधन गर्नुपर्छ । संघ, प्रदेश र स्थानीय तहको लगानीलाई कृषिक्षेत्रको समग्र विकासमा प्रभावकारी रूपबाट परिचालन गर्नु आजको आवश्यकता हो ।

यसै सिलसिलामा कृषि उपज हाम्रो संस्कृतिका रुपमा जोडिएको छ । उदाहरणका रुपमा असार १५ दही-चिउरा-सेलरोटी अचार, साउने संक्रान्ति लुतो फ्याँकेर हरियो मकै पोली प्रसादको रूपमा खाने, साउन १५ खीर खाने, जनैपूर्णिमा क्वाँटी खाने, दसैंमा दहीचिउरा, केरा खाने, तिहारमा सेलरोटी खाने, हरि बोधिनी एकादशीमा फलफूल, सोको भोलिपल्ट द्वादशीमा नयाँ अन्न न्वागीको रूपमा दहीचामल खाने, १५ पुसमा लट्टे तथा पुस २९ मा कोच राजवंशी समुदाय तथा पूर्वी तराईमा बसोबास गर्ने समग्र आदिवासी समुदायले भक्का दिवसको रूपमा मनाउँछन् । पछिल्लो समय कोच राजवंशी समुदायसँगै अन्य जातजातिले पनि रुचाएपछि भक्का खाने चलन व्यापक बनेको छ । चामलको पीठोलाई पानीको वाफमा पकाएर तयार गरिने भक्कालाई चटनीसँग खाने गरिन्छ । गुणस्तर स्वास्थ्यका लागि भक्काको महत्वपूर्ण भूमिका हुन्छ ।

त्यस्तै माघे संक्रान्तिमा खिचडी, तरुल, चाकु, तिलको लड्डु र विभिन्न खाद्य परिकार आदि खाइन्छ । यो दिन बिहानै उठी नित्यकर्म सिध्याई विभिन्न पूजाआजा गरी तिल र चाकु मिसाएको परिकार तथा तरुल खानाले शरीरलाई जाडोमा न्यानो प्राप्ति हुन्छ । यस्ता पोसिला खानेकुराले चर्मरोग र जोर्नीको दुखाइबाट मुक्त भइन्छ। मधेसमा भने मैथिली र थारु समुदायले माघे संक्रान्ति बडो सद्भावनाका साथ मनाउने गर्छन् । थारु समुदायमा, आजको दिन लगभग नयाँ वर्षको रुपमा मनाउँछन् । नेवार समुदायमा 'घिउ, चाकु, सँल्हु' नामले माघे संक्रान्ति मनाइन्छ । काठमाडौँ उपत्यकानजिकको पनौतीमा ऐतिहासिक मक्कर मेला लाग्छ । मगर जातिको माघे संक्रान्ति प्रमुख चाड हो । मगर समुदायमा यस दिन तारो हान्ने अत्यधिक प्रचलन छ । यस दिन मगरले धूमधामका साथ चेलिबेटी र पितृहरूको तीन दिनसम्म पूजा गर्छन् । मक्कर संक्रान्तिका दिन विभिन्न नदीनालामा स्नान गर्ने तीर्थालुको भीड लाग्छ । जस्तैः देवघाट, चतरा आदि । साथै, योमरी पूर्णिमामा योमरी, अक्षय तृतीयमा सातु-सर्वत खाइन्छ । यी माथिका खाद्यान्न परिकार हाम्रो रीतिरिवाजसँग जोडिएका छन् । पहिले यी अवसरमा यी खाद्यान्नबाट बनाएका परिकार खाइन्थ्यो भने आजभोलि जुन बेला पनि पहुँचको आधारमा खान पाइन्छ ।

हाम्रो देश कृषिप्रधान देश हो र कृषिसँग खाना जोडिएको छ । कृषि उत्पादन वृद्धि गर्न अपरिहार्य स्रोतसाधन र सामग्रीको न्यून उपलब्धता, आर्थिक, भौगोलिक पूर्वाधार जस्तै– सिँचाइ, सडक, कृषि बजार, शीत भण्डार र गोदामघर संकलन तथा बिजुलीको अपर्याप्तता मूल समस्याको रूपमा देखिएको पाइन्छ । कृषिजन्य उत्पादनमा आशातीत उपलब्धि हासिल गर्न उन्नत, नश्ल तथा बीउको प्रतिस्थापन दर पनि अन्त्यन्त कम छ । यसका अतिरिक्त वैदेशिक रोजगारीका लागि युवाशक्ति खाडी मुलुक जाने तथा जग्गाको तीव्र खण्डीकरण पनि प्रमुख समस्याका रूपमा देखा परेको छ । साथै, कृषिमा वैज्ञानिक जनशक्ति व्यवस्थापन कमजोर, कृषिको आधुनिकीकरण, यान्त्रीकरण, पूर्वाधार, व्यापारीकरण, औद्योगीकरण कमजोर आदि प्रमुख समस्या हुन् ।

माथि भनेजस्तै मुख्य व्यावसायिक वातावरणको अपर्याप्तताका कारण कृषिका लागि आवश्यक पर्ने जनशक्तिको रूपमा रहेका युवा जनशक्ति अन्य क्षेत्र तथा वैदेशिक रोजगारीमा संलग्न भई हाम्रा गाउँघरका कृषियोग्य जमिनमा उन्यु फुली उत्पादकत्वमा ह्रास आएको छ । अर्कातिर अव्यवस्थित सहरीकरण, जग्गाको खण्डीकरण र जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै कृषिभूमिलाई उपयोगमा ल्याउनु तथा कृषि प्रसार सेवामा कृषकको पहुँच अभिवृद्धि गर्नु, सीमित स्रोतसाधन, कृषि ऋण, बीमा, प्रविधि र ज्ञानको प्रयोगलाई तारतम्य व्यवस्था मिलाई कृषि उत्पादनमा वृद्धि गर्नु स्थानीय सरकारको प्रमुख भूमिका हो ।

भौगोलिक तथा जैविक विविधताजन्य सम्भाव्यता प्रभावकारी अध्ययन हुनु, पुँजी प्रेरणा, आत्मविश्वास र प्रविधिबारेको ज्ञानसहित वैदेशिक रोजगारीबाट फर्केका युवालाई कृषि व्यवसायमा आकर्षण गर्नु, जैविक खेती र कृषि वनप्रति उद्यमी र सरोकारवालाको आकर्षण बढाउनु, उत्पादित वस्तुको देशभित्रै तथा बढी भएमा देशबाहिर व्यापारको पहुँच वृद्धि गर्नुपर्छ । कृषि ऋण, बीमा, नवीन प्रविधि आदिको प्रभावकारी विकास तथा जलवायु परिवर्तनसँग जुध्न ज्ञान, सीप, प्रविधि र स्रोतको उचित व्यवस्थापन गर्नुपर्छ । यसमा माथि भनेजस्तै संघ तथा प्रदेश सरकारको समन्वयमा स्थानीय सरकारकै अहम् भूमिका रहन्छ । त्यसपछि मात्र कृषि उपजसँग जोडिएको हाम्रो संस्कृतिद्वारा कृषिमा क्रयशक्ति वृद्धि हुन्छ ।

*(स्रोतः कारोबारदैनिक)*

# मान्छेलाई के कुराले आकर्षक बनाउँछ ?

अंग्रेजीमा एउटा भनाइ छ 'फर्स्ट इम्प्रेसन इज द लास्ट इम्प्रेसन ।'

यसको अर्थ, पहिलो पटक कसैसँग भेट्दा जुन किसिमको प्रभाव छाड्नुहुन्छ त्यो उसले लामो समयसम्म याद गरिरहन्छ ।

तपाईं कसैसँगको पहिलो भेटमा कसरी प्रस्तुत हुनुभयो, कस्तो देखिनुभयो, तपाईंको आवरण दोस्रो व्यक्तिले सम्झिरहन्छ । यसबाहेक तपाईंसँग त्यस्तो के कुरा हुनसक्छ जसले अरुको हृदय स्पर्श गर्छ ? अरुको मन लोभ्याउँछ ?

आम बुझाइ के छ भने प्रेमिल सम्बन्धको सुरुवात त्यसबाट हुन्छ कि पहिलो नजरमा तपाईं कस्तो देखिनुभयो ?

यद्यपि अरु कतिपय खुबीको कारण पनि मान्छे आकर्षक देखिन सक्छ । के तपाईं स्वीकारयोग्य हुनुहुन्छ ? तपाईं कसरी बोल्नुहुन्छ ? कसरी प्रस्तुत हुनुहुन्छ ? कस्तो हाउभाउ देखाउनुहुन्छ ?

अमेरिकामा यही सेरोफेरोमा एउटा सर्वेक्षण गरिएको थियो । त्यसमा एउटा साझा प्रश्न सोधिएको थियो, 'मान्छेको लुक्स (आवरण) बाहेक अरु के-कस्ता गुणले लोभ्याउँछ ?'

घर, गाडी जस्ता भौतिक सफलता आफूहरुलाई लोभ्याउनेमध्ये सबैभन्दा तल्लो तहको गुण भएको सहभागीहरुको राय थियो । बरु आफ्नो पार्टनरको कुरामा सहमति जनाउने, खुलेर बोल्ने, बुद्धिमानी जस्ता गुणलाई उनीहरुले शारीरिक आकर्षण भन्दा उच्च श्रेणीमा रहेको बताए ।

### आवरण कति महत्वपूर्ण ?

यस सर्वेक्षणमाथि टिप्पणी गर्दै अमेरिकाको फ्लोरिडा विश्वविद्यालयका मनोविज्ञानका प्राध्यापक ग्रैग वेबस्टर भन्छन्, 'यस किसिमको सर्भेमा मान्छेहरु यस्तो जवाफ दिने प्रयास गर्छन् कि जसलाई अरुले राम्रो मान्छ । त्यसैले यस्तो सर्भेले वास्तविक सत्य भने उजागर नहुन सक्छ ।'

त्यसो भए वास्तविकतामा मान्छेले अरुको आवरणलाई नै महत्व दिन्छन् ?

मनोवैज्ञानिक डाक्टर पूजा शिवम जेट्ली भन्छिन्, 'सुरुवाती आकर्षण मान्छेको आवरणमा नै हुन्छ । यद्यपि यो मान्छेको हेराइमा पनि फरक पर्छ ।'

'तपाईं कस्तो देखिनुहुन्छ ? तपाईंप्रति कसैले धारणा बनाउने त्यो एउटा पहिलो बिन्दु हुनसक्छ । तर लामो समयसम्म कसैको सुन्दरता वा आवरणले लोभ्याइरहन सक्दैन ।'

तपाईंको व्यक्तित्व, तपाईंको आवश्यक्ता र तपाईंले दुनियाँलाई कसरी हेर्नुहुन्छ भन्ने कुराले यसको निर्धारण गर्छ । पहिलो झलकमै मन परेको हुनसक्छ तर त्यसबेला आपसमा कुराकानी भएको छैन भने पछि त्यही कुराले मतभेद ल्याउन सक्छ । आफ्नो पार्टनरको कुरा सुन्नु र आपसमा सहमति बनाइराख्नु कुनैपनि सम्बन्धलाई दिगो राख्ने एउटा महत्वपूर्ण सर्त हो ।

आवरण वा सुन्दरताको कारण तपाईंलाई कुनै व्यक्ति मन परेको होला । तर उनले तपाईंको कुरालाई कति पनि महत्व दिंदैन भने तपाईंले उनलाई मनपराइरहनु हुन्छ त ?

कुनैपनि मान्छेको व्यक्तित्व मापन गर्नु सजिलो काम होइन । दशकौंदेखि साइकोमेट्रिक टेस्टमा मान्छेसँग यस्ता थुप्रै प्रश्न सोधिएको छ ताकि उनीहरुको व्यक्तित्वको बारेमा थप जानकारी प्राप्त होस् ।

कसैको व्यक्तित्व कसरी मूल्यांकन गर्ने ?

आम जीवनमा कुनै मान्छेको व्यक्तित्व कसरी मूल्यांकन गर्ने त ?

बिहेवियर एक्सपर्ट एवं लाइफ कोच आस्था दिवान भन्छिन्, 'एउटा मान्छेको व्यक्तित्व केही कुरा मिलेर बनेको हुन्छ । तपाईंसँग कति सहज रुपमा कुराकानी गर्न सकिन्छ ? यो महत्वपूर्ण छ ।'

कुराकानी गरिरहँदा तपाईंले दोस्रो व्यक्तिलाई बोल्न दिनुहुन्छ ? तपाईंको रुचि के हो, विचार कस्तो हो, जीवनको मूल्य के हो, आत्मविश्वास कस्तो छ ? यी तमाम कुरा व्यक्तित्वको एक अहम् हिस्सा हो ।

तपाईंले यो पनि सुन्नुभएको होला, 'विपरीत आकर्षण' भनेको दुई व्यक्ति जो एकअर्काबाट पूर्णतया फरक छन्, उनीहरु पनि आपसमा आकर्षित हुन्छन् । किनभने व्यक्तित्वमा हुने भिन्नताले पनि मान्छेलाई आकर्षित गर्छ ।

त्यसो त मान्छेले यस्तो साथी खोजी गरिरहेका हुन्छन्, जो ऊसँग पहिलेदेखि नै परिचित छन् । जसको व्यक्तित्व, जीवनशैली र सामाजिक समूह मेल खान्छ । यो आकर्षणको आधारभूत सिद्धान्त हो ।

यसमा आस्था दिवानको टिप्पणी छ, 'कहिलेकाहीं मान्छेले आफ्नो समान साथी खोज्छ । कहिले आफूभन्दा अलग खोज्छ । यो मान्छेको प्रवृत्ति हो ।'

खासगरी तपाईंको विचारमा, गुणमा, रोजाइमा समानता छ भने तपाईंहरु आपसमा तुरुन्तै जोडिनुहुन्छ ।

कुनैपनि सम्बन्धलाई दिगो बनाउन एकसाथ रहेर पनि आ-आफ्नो मूल्यमान्यतालाई डोहोऱ्याउन सक्ने अनुकूलता हुनु हो ।

मान्छेले सधैं आफ्नो समानता खोज्छ भन्ने होइन । कहिलेकाहीं आफूभन्दा निकै फरक व्यक्तित्वलाई पनि मन पराउँछ । यदि दुवैले एकअर्काको आवश्यक्ता पूरा गरिदिन्छ भने ।

डा. आस्था दिवानका अनुसार मित्रताभन्दा पनि आकर्षण धेरैजसो विपरीत व्यक्तिसँग हुने गर्छ । मित्रता पनि दुई पूर्णतया फक व्यक्तिबीच छिट्टै हुन्छ ।

उनी भन्छिन्, 'मान्छेले कति पटक आफूमा के-कमी छ त्यो आफ्नो पार्टनरमा खोज्छ । र, एकअर्कासँग मिलेर त्यो कमी परिपूर्ति गर्छ ।'

सम्बन्धका लागि दोस्रोको आकर्षण गुणका साथै सहमति बनाइराख्नु निकै महत्वपूर्ण हुन्छ । ग्रेग वेबस्टरले सामाजिक मनोवैज्ञानिक एंगेला ब्रायन र अमैन्डा महाफ्फीसँग मिलेर मान्छेको व्यक्तित्वको तीन गुणमाथि शोध गरेका थिए ।

यी तीन गुण थियो, मान्छेसँग शारीरिक रुपले आकर्षित हुनु । दोस्रो, आर्थिक रुपले प्रभावशाली हुनु । तेस्रो, एकआपसमा सहमति बनाइराख्नु ।

यस अध्ययनमा पाइयो कि यी तीन गुणले मान्छेलाई आफूप्रति आकर्षित गरिरहन्छ ?

किनभने प्रत्येक गुणले कुनै न कुनै रुपमा सुरक्षा र खाना-बस्न जस्तो आधारभूत आवश्यकताहरु पूरा गर्छ । तर प्रभुत्व राम्रो वा खराब जे पनि हुनसक्छ ।

मान्छे सम्बन्धमा होस् वा नहोस्, तर मान्छेहरु यो कुरा आवश्य चाहन्छ कि उनको पार्टनर सामाजिक, शारीरिक र आर्थिक रुपले प्रभावशाली होस् । तर धेरैजसो मान्छेले यो कुरालाई स्वीकार गर्दैन । त्यही प्रभुत्व उनीहरुको सम्बन्धमा पनि तगारो बन्न पुग्छ ।

कुनै व्यक्तिले प्रभुत्व स्थापित गर्नुका साथै आपसी सहमति बनाउने गुण पनि छ भने त्यसले आकर्षण थप्छ ।

सारमा वेबस्टर भन्छन्, 'सबैसँग सहमति बनाइराख्ने जुन हाम्रो गुण हुन्छ त्यो हाम्रो व्यक्तित्वको अन्य गुणमध्ये सबैभन्दा राम्रो हो ।'

बीबीसीबाट अनुदित

# विद्यार्थी परिचय



**राहुल भण्डारी**

राहुल हेटौंडा ८ स्थित माउन्ट एभरेष्ट इग्लिस बो. स्कुलको कक्षा १० मा पढ्नुहुन्छ। राहुलको घर हेटौंडा ८ कमानेमा रहेको छ। राहुलको बुबा राजन भण्डारी र आमा जानुका भण्डारी हुनुहुन्छ। यस्तै राहुलको भाई पनी हुनुहुन्छ।

राहुलको बुबा पेशाले ड्राइभर हुनुहुन्छ। राहुलको आमा भने घरमै बस्ने गर्नुहुन्छ। राहुलको पढाई निकै राम्रो रहेको छ। राहुल कक्षामा दोस्रो हुने गर्नुहुन्छ। यतिमात्र नभएर राहुल अतिरिक्त क्रियाकलापहरुमा पनि सक्रिय हुनुहुन्छ। राहुल विद्यालयमा भएको माउन्ट एभरेष्ट बाल समुहको अध्यक्ष समेत हुनुहुन्छ। राहुलसंग नेतृत्व क्षमता पनि राम्रो छ। राहुललाई पढाईमा हिसाब मन पर्छ। र गणित विषयमा राम्रो नतिजा ल्याउने गरेको बताउनुहुन्छ। राहुल खेलकुदमा रुचि राख्नुहुन्छ र क्रिकेट खेल खेल्न मन पराउनुहुन्छ। राहुललाई घरको सादा खान मन पर्छ। राहुलको मनपर्ने खाना दाल भात र रोटि हो।

राहुलको पुस्तक पढ्ने बानि छ। हालै राहुलले भेनिसको व्यापारी पुस्तक पढ्नुभएको बताउनुहुन्छ। राहुलले पढाई र अन्य क्रियाकलापहरु बाट पुरस्कार समोत प्रप्त गर्नुभएको छ। वक्तृत्वकला, वादविवाद साथै हाजिर जवाफहरुमा भाग लिई प्रथम पुरस्कार प्राप्त गर्नुभएको छ। राहुल पढाईलाई अझ सुधार गर्ने र एसईई को तयारी मन लगाई गर्ने बताउनुहुन्छ।

# आफ्नो सपनालाई बिदा नगर्नुहोस्



**✍ अरूण यादव**

हामी सबैमा कुनै न कुनै सपना हुन्छ। हरेक व्यक्ति आफूभित्र लुकेको विशिष्ट गुणको पहिचान गर्न चाहान्छ। जसका कारण कुनै परिवर्तन ल्याउन सकियोस् र दुनियाँमा आफ्ना लागि अझै बढी स्थान बनाउन सकियोस्। कहिलेकाहीँ हामी सबैमा केही सपना जरुरी हुने गरेको होला, जसबाट हामी जिउन चाहन्छौं। तर, जीवनको भागदौडमा सबै पछाडि रहने गरे होला।

सपना र मानिसबीच एउटा अटुट सम्बन्ध हो। जिन्दगी उतारचढावको खेल हो। जिन्दगीमा उतारचढाव त चल्दै गर्दछ। तर, तपाइँले आफ्नो लक्ष्यलाई कहिल्यै किनारा नलगाउनुहोस्। विफलता यही हो जसले विफलताको साथै आफ्नो सपनालाई पनि टाढा गर्दछ। कैयौं विफलता र कठिनाइका बाबजुद आफ्नो लक्ष्यलाई पूरा गर्नुहुनेछ। सफल उनै हुन्छन् जो अनेक कठिनाइका बाबजुद पूरा विश्वासका साथ आफ्नो सपनाको साथ छोड्दैनन्।

*कक्षा-१०, भुटनदेवी मावि, हेटौंडा-४*

# सहिद स्मारक यात्राको अनुभव



**✍ रियाज बस्नेत**

२०७९/०६/२० को कुरा हो मेरो परिवार र मामाघरको परिवार घुम्न गएका थियौं। त्यहाँ ३ भाइ, आमा, बुबा ३ सानो आमा र माइजु गएका थियौँ। त्यो ठाउँ घरदेखि नजिक रहेकोले आमा, भाइहरु, सानीमाहरु अटोमा जानुभयो तर मर बुबा स्कुटीमा गयौं। पहिला हामी टिकट काउन्टरमा गएर टिकट किन्यौं र स्मारक मित्र प्रवेश गऱ्यौं। त्यहाँ धेरै हरियाली रहेछ। त्यहाँ मूर्तिहरु थिए र मेरा भाइहरु मूर्तिहरु देखेर अच्चमित भए।

त्यसपछि हामीले फाउन्टेन हेऱ्यौं। त्यहाँ हामीले केही फोटो पनि खिच्यौं। त्यहाँ सानो चिडियाखाना पनि रहेछ। त्यो चिडियाखानामा चितुवा, गिद्ध, मयूर, खरायो, गोही, बाँदर, मुसा आदि जस्ता जनावर थिए। मेरा भाइहरू जनावर देखेर कराए तर बुबाआमाले भाइहरुको हात समातेर जनावरको नाम भन्दै चिनाई दिनुभयो। त्यहाँ जनावरहरूलाई खाना दिन नपाइने रहेछ। २ बज्यो हामीले वनभोज मनाउन भनेर घरबाटै खानेकुराहरू बनाएर लगेका थियौं। खाजा खाएपछि हामी खेलको सामग्रीतर्फ लाग्यौं। त्यहाँ स्विमीङ पुल, रोटेपिड आदि जस्ता सामग्री रहेछन्। हामी सबैले त्यहाँ आइसक्रिम खायौं।

त्यहाँ घुम्नका लागि पनि ठाउँ बनाएको रहेछ। फुलबारीमा धेरै थरिका फुलहरु फुलिरहेका थिए। हामीले त्यहाँ फोटो पनि खिच्यौं। त्यहाँ फोटो खिच्नका लागि सामग्री बनाएको रहेछ। हामी सबै त्यहाँ गएर फोटो खिच्यौं। त्यहाँ विभिन्न संस्कृति झल्किने गहाना पोशाक पनि राखिएका रहेछ। ति पोशाक लगाएर फोटो खिच्न पनि छुट्टै शुल्क तिर्नुपर्ने रहेछ। सबै पुराना तथा नयाँ सामग्रीहरु खेलौन, मूर्ति, ग्लोब किताब नक्सा, हतियार, पोशाक, आदि विभिन्न किसिमका सामान संकलन गरेर राखीएको एउटा घर पनि थियो। हामी त्यहाँ गयौं र एउटा नेपालको नक्सा किन्यौ।

त्यहाँको रमाइलो वातावरणमा घुम्दाघुम्दै समय गएको पत्तै भएन। त्यत्तिकैमा बेलुकीको ५ बजिसकेको थियो। त्यसपछि हामी टेम्पुमा चढेर सबैजना घर फर्कियौं। त्यो दिनको यात्रा साह्रै नै रमाइलो बन्यो।

*कक्षा-७, बालजागृति इङ्गलिस सेकेण्डरी स्कुल, हेटौंडा-२*

# एकाङ्की



**✍ रचना भण्डारी**

**पात्रः सोहाम सनालिका ट्याक्सी ड्राइभर र व्यक्ति**

**दृश्यः सडकमा ट्याक्सी भित्र सोहम र सोनालिका ट्याक्सीमा बजार जाँदै गर्दा ट्याक्सी ड्राइभरले फोनमा कुरा गर्न थाल्छ।**

सोहमः ए दाई गाडी चलाउँदा यसरी फोन नचलाउनु त (ट्याक्सी ड्राइभर लाई रोक्दै)

सोनलिकाः हो दाई गाडी चलाउँदा यसरी फोनमा कुरा गर्नु हुँदैन दुर्घटना हुन सक्छ।

ट्याक्सी ड्राइभरः हैन कति कराउनु भएको तपाईंहरु शान्त भएर बस्नुस् न मलाई ट्याक्सी चलाउन डिस्टर्ब हुन्छ। (रिसाउँदै)

सोहमः तपाईंलाई डिस्टर्ब हामी बोलेर होइन फोन चलाएर हुन्छ।

ट्याक्सी ड्राइभरः पाँच वर्ष भयो मैले ट्याक्सी चलाएको। अहिलेसम्म त केही भएन।

सोनालिकाः तपाईं त पाँच वर्षदेखि नै गलत गर्दै हुनुहुँदो रहेछ। यसरी गाडी चलाउँदा दुर्घटना हुन सक्छ र ज्यान पनि जान सक्छ। ( सम्झाउँदै)

सोहमः हो तपाईं र हाम्रो नभएपनि आफ्नो परिवारको त सोच्नुस्। तपाईंको पूरा परिवार तपाईंको पर्खाइमा होलान्। तपाईंलाई केही भइदियो भने उनीहरु के हुन्छ होला सोच्नुस् त।

ट्याक्सी ड्राइभरः तपाईं मेरो परिवारको चिन्ता नगर्नुस् म छु उनीहरूको चिन्ता गर्नका लागि (रिसाउँदै)

सोहमः किन रिसाउनु भएको तपाईं हामीले त राम्रै कुरा भनेका हौ नि। (ट्याक्सी चलिरहेको हुन्छ तर एक ठाउँमा आएर रोकिन्छ सबैजना बाहिर गएर हेर्छन् र दुर्घटना भएको थाहा पाउँछन्।)

सोहमः ए ठूलै दुर्घटना भएछ ज्यान पनि गएछ बिचरा (दुःखी हुँदै) (अगाडि गएर हेर्दा उनीहरूले एक घायल व्यक्ति रोइरहेको देख्छन्।)

सोनालिकाः दाइ नरुनु कसरी भयो यो दुर्घटना (व्यक्तिलाई सोध्दै)।

व्यक्तिः हामी बजार जाँदै थियौँ बीचमै ड्राइभरले फोन चलाउन थाल्यो हामीले नचलाउन आग्रह गऱ्यौं तर उसले मानेन। हेर्दाहेर्दै दुर्घटना भयो। (रुँदै)

सोहमः देख्नुभयो दाई (ट्याक्सी ड्राइभरतर्फ जाँदै) गाडी चलाउँदा फोन चलाएपछि कस्तो दुर्घटना हुँदोरहेछ हेर्नुस् उहाँलाई आफ्नो आफन्त गुमाउँदा कस्तो हालत भएको छ उहाँको।

ट्याक्सी ड्राइभरः सही भन्यौ भाइ। आज उहाँहरूको ठाउँमा हामी पनि हुन सक्थ्यौं। उहाँको (घायल व्यक्तिको) ठाउँमा हाम्रो परिवार पनि हुन सक्थ्यो ठूलो गल्ती गरेछु मैले।

सोनालिकाः तपाईंलाई आफ्नो गल्तीको समयमा नै आभास भयो त्यही नै ठूलो कुरा हो।

सोहमः अब त ट्राफिक नियमको पालना गर्नुहुन्छ नि। (सोध्दै)

ट्याक्सी ड्राइभरः म कसम खान्छु अबदेखि सबै ट्राफिक नियमको पालना गर्छु र अरुलाई पनि पालना गर्न आग्रह गर्छु।

(त्यत्तिकैमा एम्बुलेन्स आइपुग्छ र दुर्घटनामा परेका सबैलाई अस्पताल लिएर जान्छ सोहम र सोनालिका पनि ट्याक्सी ड्राइभरसँग आफ्नो बाटो लाग्छन्।)

(पर्दा बन्द हुन्छ)

# अनौठो कुरा



**✍ कृतिका बर्तौला**

आखाँ नभएको मनले नै
सवैभन्दा देख्ने रहेछ।

तौल नभएको खास नै
सबैभन्दा गरुङ्गो रहेछ।

शरीरले भित्र लुकाएको
चिज मनबाट देखिन्छ।

सास हुँदा डुब्ने शरीर
सास सकिएसी तैरिन्छ।

*कक्षा-५, बालजागृति इंग्लिस सेकेण्डरी स्कुल, हेटौंडा-२*

# भयो कस्तो यो हाल



**✍ सुमिशा श्रेष्ठ**

मेरो देश नेपाल
भयो कस्तो बेहाल
सबै भए विरानो
कसले लगाउने किनारा ॥

स्फितिले डुबेको
अस्थिरताले मुर्झाएको
भ्रष्टाचारले भरेको
गरिबीले जलेको ॥

बसुँ त म कसरी
जब देख्छु गरिबी
धर्ती माता रिसाइन्
विदेशैमै बिसाइन् ॥

जन्मेका थे बुद्ध यहीँ
फैलेका छ द्वन्द्व यहीँ
कसले के चै बिगार्छ
एकापसमै बिखिन्छ ॥

बेरोजगारले उन्मुख
बैमानीको यो मुख
सभ्यता छ जटिल
धिकार छ अस्तित्व ॥


दुःख कष्ट मेटेको
सबको भाग्य रेटेको
भगवानको यो लिला
हेर्नु नै छ कै नीला ॥

मेरो देश नेपाल
भयो कस्तो बेहाल
सबै भए बिरानो
कसले लगाउने किनारो ॥

*कक्षा-१०, हेटौंडा मोर्डन इंलिस सेकेण्डरी बोर्डिङ स्कूल, हेटौंडा-९*

**समृद्ध समाज राष्ट्रिय दैनिक**
www.samriddhasamaj.com

## चित्रकला





**समृद्धि श्रेष्ठ**
**कक्षा-२, ब्रह्मदिक् एकेडेमी, हेटौंडा-४**





**सुयोग श्रेष्ठ**
**कक्षा-४, ब्रह्मदिक् एकेडेमी, हेटौंडा-४**

# थाक्दै गएको मेरो शरीर



**✍ सन्ध्या बस्नेत**

सपना पूरा गर्न भनी
लागी परिरहेकी म
जिन्दगीमा धेरै बाधा, अड्चन
आउँदा पनि पछि सर्ने आँट
कहिले थाक्दै गएको मेरो शरीरले
परिवर्तन भन्ने शब्द
कैयौं पल्ट वाच्न गऱ्यो
तर,
म भने सधै
निरन्तर सपना पूरा गर्न लागी परिरहे।
यदि म नै थकित भाएर बासे भने
मेरो सपना कसले पूरा गरिदिने ?
भन्ने प्रश्न मनमा भाइरहन्थ्यो ॥
पक्कै पनि, मेरो सपना पूरा भएको दिन
म' स्वयम्ले मात्र होइन
मेरा पूरै परिवारलेनै
ममाथि गर्व गर्ने छन् भन्ने कुरा
मनमा लिएर अघि बढ्दै गरेकी म ॥
साँच्चै नै कुनै दिन त
थाक्दै गएको मेरो शरीरले पनि
सफलता त हासिल गर्छ होला नि है ??

*कक्षा-९, सिद्वार्थ शिशु सदन मावि, हेटौंडा-५*

# प्रदेश प्रहरी प्रमुख केसीद्वारा पदभार ग्रहण



समाज संवाददाता

हेटौँडा: बागमती प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक (डीआईजी) विष्णुकुमार केसीले पदभार ग्रहण गर्नुभएको छ । मंगलबार बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडामा डीआईजी केसीले पदभार ग्रहण गर्नुभएको हो ।

पदभार ग्रहण गर्दै डीआईजी केसीले आफ्ना मातहतका प्रहरी अधिकृतहरुलाई निर्देशनसमेत दिनुभएको छ । डीआईजी केसीले बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडा, बागमती प्रदेश प्रहरी गण हेटौंडा, नेपाल प्रहरी सुरक्षा गण रातोमाटे, बागमती प्रदेश प्रहरी विपद् व्यवस्थापन गुल्म हेटौंडाका कार्यालय प्रमुखसहित उपस्थित सिनियर प्रहरी अधिकृत, जुनियर तथा मातहत प्रहरी कर्मचारीहरुलाई आवश्यक विभागीय निर्देशन दिनुभएको हो । कार्यक्रममा पदभार ग्रहणपश्चात् बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका प्रहरी वरिष्ठ उपरीक्षक रविकुमार पौडेलले स्वागत मन्तव्य व्यक्त गर्नुभयो ।

बागमती प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक किरण राणा केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगञ्जमा सरुवा हुनुभएसँगै डीआईजी केसी बागमती प्रदेश प्रहरी कार्यालयको प्रमुखको रुपमा आउनुभएको हो । नेपाल सरकारको मन्त्रिपरिषद्को पुस २४ गते बसेको बैठकले नेपाल प्रहरी प्रधान कार्यालय अन्वेषण तथा विकास निर्देशनालयमा रहनुभएको केसीलाई बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडामा सरुवा गरेको थियो ।

# स्वास्थ्य मन्त्रालयमा बीमआई मेसिन सञ्चालन

समाज संवाददाता

हेटौँडा: बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयले स्वचालित उच्च रक्तचाप मापन मेसिन सञ्चालनमा ल्याएको छ । मंगलबार एक कार्यक्रमका बिच मन्त्रालयको प्रांगणमा उच्च रक्तचाप मापन मेसिन (अटोमेटिक डिजिटल बीमआई मेसिन) सञ्चालनमा ल्याएको हो ।

आम नागरिकहरुमा सचेतना जगाउने उद्देश्यअनुरुप विश्व स्वास्थ्य संगठनको सहयोगमा अटोमेटिक डिजिटल ब्लडप्रेसर मापन मेसिन सञ्चालनमा ल्याएको छ । नेपालमा करिब ४७ लाख मानिसहरुमा उच्च रक्तचापको समस्या रहेको अनुमान गरिएको छ । जसमध्ये १० लाख मानिसले मात्र नियमितरुपमा रक्तचाप चेकजाँच गर्ने र अवस्थाको बारेमा जानकारी लिने गरेको मन्त्रालयले जनाएको छ । चेकजाँच गर्ने १० लाख मानिसहरुमध्ये ४ लाख मानिसले उच्च रक्तचापको औषधि सेवन गर्ने गरेको मन्त्रालयको तथ्यांकमा उल्लेख छ । औषधि सेवन गर्नेहरुमध्ये २ लाख जना मानिसमा उच्च रक्तचाप नियन्त्रणमा रहेको जनाइएको छ ।

तथ्यांकअनुसार उच्च रक्तचापसम्बन्धी समस्या निकै जटिल चुनौतीको रुपमा देखापरेको स्वास्थ्य मन्त्री उत्तम जोशीले बताउनुभयो । चुनौतीको व्यवस्थापनका लागि सरोकारवालाहरुको सक्रिय सहभागिता र योगदान आवश्यक रहेकोमा उहाँले जोड दिनुभयो । उच्च रक्तचाप सम्बन्धी समस्या समाधानका लागि मन्त्रालयले स्वास्थ्य शिक्षा तथा परामर्शबाट अस्वस्थकर बानी व्यवहारमा परिवर्तन गर्ने लक्ष्य राखेको उहाँको भनाइ छ । सुर्तीजन्य पदार्थको प्रयोग, मद्यपान, निष्क्रिय जीवनशैली, अस्वस्थकर खानपान आदि परिवर्तन गरी स्वस्थकर जीवनशैली अपनाउन उहाँले आग्रह गर्नुभयो ।

मध्यम आय तथा विकासशील राष्ट्रहरुमा उच्च रक्तचापका कारण हुने जटिलताहरु मानवीय क्षतिको मुख्य कारण बनिरहेको मन्त्री जोशीले बताउनुभयो । उक्त रक्तचापका कारण मस्तिष्कघात, हृदयाघात, मुटु तथा रक्तनलीसम्बन्धी रोग, दीर्घ मिर्गौला रोगका कारण मानिसहरुको मृत्यु भइरहेको भन्दै उहाँले सो रोगहरुको व्यवस्थापनमा राज्यले ठूलो धनराशि खर्च गर्नुपरेको बताउनुभयो ।

मन्त्रालयका सूचना अधिकारी डा. रविन भुसालका अनुसार सरकारले नसर्ने रोगहरुबाट हुने मृत्युदर सन् २०२५ सम्ममा २५ प्रतिशतले घटाउने लक्ष्यअनुसार काम गरिरहेको र सो लक्ष्य प्राप्तिका लागि विभिन्न कार्ययोजना, रणनीति तथा कार्यक्रमहरु सञ्चालनमा ल्याएको छ । सरकारले लिएको लक्ष्य प्राप्तिका लागि उच्च रक्तचापबाट हुने मृत्युदरको भार २५ प्रतिशतले घटाउन अनिवार्य रहेको छ ।

# अन्तरपालिका फुटसलको उपाधि हेटौंडा उपमहानगरपालिकालाई

समाज संवाददाता

हेटौँडा: मकवानपुरगढी गाउँपालिकामा भएको चौथो संस्करणको अन्तरपालिका शहीद रुद्र पाखिन/बासुदेव घिमिरे स्मृति फुटसल प्रतियोगिताको उपाधि हेटौंडा उपमहानगरपालिकाले जितेको छ । फाइनल खेलमा हेटौंडा उपमहानगरपालिकाको टिम 'ए'ले खेलकुद विकास समिति मकवानपुर गढीलाई ७-४ गोल अन्तरले पराजित गरेको हो । खेलको म्यान अफ द म्याच हेटौंडा उपमहानगरपालिका 'ए' का विश्व लामा घोषित भए ।

प्रतियोगिताको उत्कृष्ट खेलाडी हेटौंडा उपमहानगरपालिका 'ए' का समिराज थोकर घोषित भए । उत्कृष्ट गोलकिपर हेटौंडा उपमहानगरपालिका 'ए' का सुजन लामा, उत्कृष्ट गोलकर्ता खेलकुद विकास समिति मकवापुरगढीका सुजन भोम्जन र उत्कृष्ट उदाउँदो खेलाडी खेलकुद विकास समितिका दुर्लभकुमार दुलाल घोषित भए ।

मकवानपुरगढी खेलकुद विकास समितिका अध्यक्ष हीराबहादुर स्याङ्तानको सभाध्यक्षता तथा मकवानपुरगढी गाउँपालिका प्रमुख दोर्जे लामा स्याङ्तानको प्रमुख आतिथ्यमा समापन कार्यक्रम भएको थियो । कार्यक्रममा स्वर्गीय बासुदेव घिमिरेका बुवा, मकवानपुर गढी गाउँपालिका-१ का वडा अध्यक्ष आइत सिंह लो, मकवानपुरगढी-३ का वडा अध्यक्ष भागवत घिमिरे तथा विभिन्न वडाका वडा सदस्य, खेलकुद विकास समितिका सदस्य एवम् प्रतिनिधिहरुको सहभागिता रहेको थियो । प्रतियोगितामा ७ वटा टिमको सहभागिता रहेको थियो । प्रतियोगितामा प्रथम हुने टिमले १ लाख २५ हजार र द्वितीय हुने टिमले ७५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन् ।


## हार्दिक आमन्त्रण



जन्म: २०२२/११/०२

स्व. गोबर्धन बहादुर बस्नेत

स्वर्गारोहण: २०८०/०९/२२

मेरा पुजनीय श्रीमान् **गोबर्धन बहादुर बस्नेत**को निधनप्रति दुख व्यक्त गरी हामीप्रति समवेदना व्यक्त गर्नुहुने, अन्तिम संस्कारको क्रममा सागरमा पुग्नुहुने आफन्त, इष्टमित्र तथा छरछिमेकमा **१३औं पुण्यतिथि**का दिन तपसील बमोजिम पीतृप्रसाद ग्रहणका लागि उपस्थित भइदिनुहुन हार्दिक आमन्त्रण गर्दछु ।

तपसील
मिति: २०८०/१०/०५ गते
समय: दिनको १ बजेपछि
स्थान: हेटौंडा-४, कर्रा श्रमिक पथ

प्रार्थी
श्रीमति जनकुमारी कार्की
९८४५१-०६९५७


# मकवानपुरका रिमालको बालकथा संग्रह बजारमा

समाज संवाददाता

हेटौँडा: शिक्षक तथा साहित्यकार सिएम रिमालको बालकथा संग्रह 'कथा भन्छु नि ल !' आइतबारदेखि बजारमा आएको छ । २४ पृष्ठको कथा संग्रहमा जम्मा ३ वटा कथा छन् । "अनुष्माको आँसु", "उसलाई सधैँ राम्रो होस्" र "कथा भन्छु नि ल !" शीर्षकका तीन कथा समेटिएका छन् । रिमालले लेख्नुभएको यो पहिलो पुस्तक हो ।

यसअघि रिमालका फुटकर रचनाहरु प्रकाशित थिए । बालकथा, बालकविता, समीक्षा, कथा र कविता लेखनमा निरन्तर लागिरहनुभएका उहाँको यस पुस्तकमा बालमनोविज्ञान बुझेर लेखिएका बालकथाहरु छन् । 'आँट गरे, गर्न नसकिने केही रहेनछ ।' अनुष्माको आँसु शीर्षकको कथामा यस्तो मूलभाव छ । क्षमता चिनेर हौसला दिएमा बालबालिका अगाडि बढ्न सक्ने विषयवस्तु कथामा रोचक ढङ्गले पस्किएको लेखक रिमालको भनाइ छ ।

गरीब दीनदु:खीलाई सहायता गर्नुपर्छ, प्राणी रक्षा गर्नु हाम्रो कर्तव्य हो भन्ने सन्देश बोकेको 'उसलाई सधैँ राम्रो होस्' शीर्षकको कथा पढ्दा पाठकमा सकारात्मक सोच विकास हुने लेखक रिमाल बताउनुहुन्छ । नानीबाबुहरुलाई सुत्ने समयमा कथा सुनाउने परम्परा हट्दै गएको आजको समयमा यस पुस्तकको शीर्षकले नै कथावाचनको माग गर्दछ । शीर्षक पढ्दा नै कथा सुनाउने जिम्मेवारी थपिएजस्तो गराउने 'कथा भन्छु नि ल !' शीर्षकको कथामा "योचाहिँ म सानै छँदाको कुरा हो…।" भन्ने प्रसङ्गले बालबालिकालाई आकर्षित गराउने आशा लेखक रिमालको छ ।

चित्रसहितको यस पुस्तकमा देव कोइमीले चित्र बनाउनुभएको छ । पुस्तक खोजी प्रकाशनले बजारमा ल्याएको हो । माघ महिनाभित्रै अर्को कथासंग्रह प्रकाशित हुने लेखक रिमालले बताउनुभएको छ । हेटौंडा-४ स्थित नवोदय शिशु सदन माविका शिक्षक रिमाल विभिन्न साहित्यिक संघ, संस्थामा पनि आबद्ध हुनुहुन्छ ।

# हेटौंडामा मनाइयो माघी महोत्सव

समाज संवाददाता

हेटौँडा: हेटौंडामा माघी महोत्सव मनाइएको छ । सोमबार माघी महोत्सव मुल आयोजक समिति मकवानपुरको आयोजना तथा हेटौंडा उपमहानगरपालिकाको मुख्य सहयोगमा महोत्सव सम्पन्न भएको हो ।

महोत्सवमा हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्य तथा आयोजक समितिका अध्यक्ष सचितानन्द चौधरीको सभाध्यक्षता रहेको थियो । उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नगरप्रमुख लामाले महोत्सवको आयोजनाले पूर्वाधार सँगसँगै संस्कृतिको पनि विकास भइरहेको बताउनुभयो । सबै संस्कृतिलाई जोगाउन देशव्यापीरुपमा लाग्नुपर्ने उहाँको भनाइ छ । कला र संस्कृति सँगसँगै आफ्नो आर्थिक पाटोमा पनि ध्यान दिनुपर्ने उहाँले बताउनुभयो ।

आयोजक समितिका अध्यक्ष चौधरीले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा थारु समुदायको लुकेको क्षमतालाई प्रस्तुत गर्न महोत्सवले सहयोग गर्ने बताउनुभयो । उहाँले आदिवासी जनजातिका अधिकारका पक्षहरुलाई जागरण गराउन महोत्सवले ठूलो भूमिका खेल्ने प्रष्ट पार्नुभयो । सिंगो आदिवासी थारु सामुदायको पहिचानलाई झल्काउन २०७५ सालदेखि थारु समुदायले महोत्सवको आयोजना गर्दै आएको उहाँको भनाइ छ ।

हेटौंडा-४ स्थित भूटनदेवी माध्यमिक विद्यालयको चौर महोत्सव गरिएको हो । महोत्सव उद्घाटनअघि थारु समुदायका महिला तथा पुरुषको सहभागितामा स्कूलरोडबाट सीमाचोक, बुद्धचोक हुँदै ऱ्यालीको आयोजना गरिएको थियो । यस्तै, थारु सामुदायका महिलाहरुले आफ्नो सांगीतिक प्रस्तुति पनि दिएका थिए ।

महोत्सवमा हेटौंडा उपमहानगर पालिका वडा-४ का अध्यक्ष नवीन सिग्देल, वडा-१० का अध्यक्ष फुर्वा दोर्जे लामा, थारु कल्याणकारी सभा तथा आयोजक समितिका पदाधिकारीहरुको उपस्थिति थियो ।

# चन्द्रोदयमा शिक्षक तालिम सम्पन्न

समाज संवाददाता

हेटौँडा: हेटौंडा-८, कमानेस्थित चन्द्रोदय माध्यमिक विद्यालयमा कक्षा व्यवस्थापन, शैक्षिक सामग्री निर्माण तथा प्रभावकारी शिक्षण क्रियाकलापसम्बन्धी दुई दिने तालिम सम्पन्न भएको छ । विद्यालयको आयोजना भएको तालिम बिहीबार सुरु भएर शुक्रबार सम्पन्न भएको हो ।

कक्षा नर्सरीदेखि ५ कक्षासम्मका विद्यार्थीलाई बढी प्राथमिकतामा राखेर तालिमको आयोजना गरिएको विद्यालयका प्रधानाध्यापक जीवराज ढकालले जानकारी दिनुभएको छ । विषयगत शैक्षिक सामग्री निर्माण, फरक क्षमता भएका विद्यार्थीलाई सिकाइ सहजीकरणबारे तालिममा छलफल गरिएको प्रधानाध्यापक ढकालले बताउनुभयो । तालिमसँग सम्बन्धित ज्ञान भएका २ जना प्रशिक्षकले शिक्षकहरुलाई प्रशिक्षण दिएको उहाँले बताउनुभयो ।

समयसापेक्ष शिक्षकलाई तालिम दिँदा पठनपाठन उत्कृष्ट हुने र शैक्षिक उन्नति हुने अपेक्षा गरिएको उहाँको भनाइ छ । तालिममा चन्द्रोदय माध्यमिक विद्यालयका १० जना, हेटौंडा-८ स्थित हिमगंगा आधारभूत विद्यालयबाट ३ जना र हेटौंडा-७ स्थित नवज्योति माध्यमिक विद्यालयबाट ३ जना गरी १६ जना शिक्षकहरुको सहभागिता रहेको थियो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष इबाकर मैनालीको सभाध्यक्षमा तालिम सम्पन्न भएको हो ।


## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) सम्बन्धी सूचना

यस फर्मले XACTION TRADE INTERNATIONAL LIMITED CHINA बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसील

| सि.नं. | मालवस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | क्षमता TON | उत्पतिको मुलुक | इकाई | अधिकत मूल्य (MRP) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Electricity Chimney | CTNS | EverCool | SG9P03C | 200V | CHINA | PCS | 13,000/- |
| 2 | Electricity Chimney | CTNS | EverCool | SG9P03B | 200V | CHINA | PCS | 15,500/- |
| 3 | Electricity Chimney | CTNS | EverCool | SG9T04B | 200V | CHINA | PCS | 17,500/- |
| 4 | Electricity Chimney | CTNS | EverCool | C9T02R | 200V | CHINA | PCS | 23,500/- |

बिक्रेता फर्मको नाम: Nova Paudel and sons international एक्जिम कोड नं.: 603335293
ठेगाना: Kathmandu/Nepal
फोन नं. +9779851086226



## स्नातक तह छात्रवृत्ति सहायता कार्यक्रम अन्तर्गत स्नातक तहमा अध्ययनरत विद्यार्थीहरुलाई मासिक शुल्क छात्रवृत्ति वितरण सम्बन्धी आवेदन पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशन मिति: २०८०/१०/०३ गते)

हेटौंडा उपमहानगरपालिकाको चौथो नगरसभाबाट संशोधित एवं स्वीकृत चालू आर्थिक वर्षको स्नातक तह छात्रवृत्ति सहायता कार्यक्रम अन्तर्गत हेटौंडा उपमहानगरपालिका क्षेत्र भित्रका सरकारी एवं सामुदायिक क्याम्पसहरुमा स्नातक तहमा अध्ययनरत विद्यार्थीहरुलाई मासिक शुल्क छात्रवृत्ति वितरण गर्ने सम्बन्धी यस वडा कार्यालयको मिति २०८०/०९/२९ गतेको निर्णयानुसार यस वडा क्षेत्र भित्र स्थायी बसोबास भई हेटौंडा उपमहानगरपालिका क्षेत्र भित्रका सरकारी र सामुदायिक क्याम्पसहरुमा (प्राविधिक विषय बाहेक) स्नातक तहमा अध्ययनरत विद्यार्थीहरुलाई मासिक शुल्क छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धमा मासिक शुल्क छात्रवृत्ति प्राप्तिका लागि तपशील बमोजिम शर्तहरुको अधीनमा रही यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र यस वडा कार्यालयमा आवेदन पेश गर्नुहुन सम्बन्धित् सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु:

- नेपाली नागरिक भई स्थायी रुपमा हेटौंडा उपमहानगरपालिका वडा नं. १६ मा बसोबास गरेको हुनुपर्ने । यो कार्यक्रम लागू हुनुपूर्व यस वडामा बसाइसराई गरिआएकाहरु पनि लाभग्राही हुन सक्नेछन् ।
- यस हेटौंडा उपमहानगरपालिका क्षेत्र भित्रका सामुदायिक एवं सरकारी क्याम्पसमा (प्राविधिक विषय बाहेक) स्नातक तहमा भर्ना भई अध्ययनरत रहेको हुनुपर्नेछ । स्नातक तह अध्ययन गर्दा प्लस टु अध्ययन सकिए लगत्तै निरन्तर स्नातक तहमा भर्ना भएको हुनुपर्नेछ ।
- स्नातक तह दोश्रो वर्ष वा सेमेष्टर वा सो भन्दा माथिल्लो वर्ष वा सेमेष्टरमा छात्रवृत्ति प्रदान गर्दा अघिल्लो वर्ष वा सेमेष्टरको परीक्षामा सामेल भएको हुनुपर्नेछ ।
- मासिक शुल्क छात्रवृत्ति रकम प्रदान गर्दा सम्बन्धित् क्याम्पसमा सो वर्षको प्रवेश शुल्क (भर्ना शुल्क), फर्म शुल्कहरु, परीक्षा शुल्कहरु लगायत अन्य शुल्कहरु विद्यार्थी स्वयंले व्यहोर्नु पर्नेछ ।
- यस कार्यक्रम अन्तर्गत मासिक शुल्क छात्रवृत्ति अन्तर्गत स्नातक तहमा लाग्ने मासिक शुल्क मात्र वडा कार्यालयले व्यहोर्नेछ ।
- यस वडा कार्यालय बाहेक अन्यत्र जुनसुकै निकायबाट छात्रवृत्ति प्राप्त गरेको भएमा यस वडाबाट उक्त छात्रवृत्ति उपलब्ध गराइने छैन ।
- झुटो विवरण पेश गरी छात्रवृत्ति लिएमा सम्बन्धित् विद्यार्थीलाई हेटौंडा उपमहानगरपालिका छात्रवृत्ति वितरण सम्बन्धी मापदण्ड, २०७९ र प्रचलित कानुन बमोजिम कारबाही गरि छात्रवृत्ति प्रदान गरिसकिएको भए सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।
- मासिक शुल्क छात्रवृत्ति छनौटका आधार हेटौंडा उपमहानगरपालिका छात्रवृत्ति वितरण सम्बन्धी मापदण्ड २०७९ लाई समेत आधार बनाइनेछ ।
- छात्रवृत्ति छनौट गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार वडा कार्यालयको रहनेछ ।

छात्रवृत्ति आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:

- नेपाली नागरिकता वा जन्मदर्ताको प्रतिलिपि
- प्रवीणता तह (कक्षा १२) उत्तीर्ण प्रमाणपत्रको प्रतिलिपि
- १२ नं. वडामा स्थायी बसोबास रहेको प्रमाण (नागरिकता वा जन्मदर्ता वा बसाइसराई सम्बन्धी कागजात)
- हेटौंडा उपमहानगरपालिका क्षेत्र भित्रका सामुदायिक तथा सरकारी क्याम्पसमा अध्ययनरत रहेको प्रमाण (भर्ना सम्बन्धी बिल, कागजात र विद्यार्थी परिचयपत्रको प्रतिलिपि)

हेटौंडा उपमहानगरपालिका १६ नं. वडा कार्यालय
हेटौंडा, मकवानपुर


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ